# सिद्धार्थनगर नगरपालिकाको

नगरसभाको १८औं अधिवेशनबाट पारित भएको

# विनियोजन ऐन, २०८२

नगरसभाबाट पारित मितिः २०८२/३/२६

सिद्धार्थनगर, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

# सिद्धार्थनगर नगरपालिकाको विनियोजन ऐन, २०८२

**सिद्धार्थनगर नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२**

## प्रस्तावनाः

सिद्धार्थनगर नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को सुशासन, सामाजिक विकास, आर्थिक विकास, वातावरण तथा विपद् व्यवस्थापन, पूर्वाधार विकास समेतका लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम **"सिद्धार्थनगर नगरपालिकाको विनियोजन ऐन, २०८२"** रहेको छ ।

(२) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०८२/०८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, स्वास्थ्य संस्था, विषयगत शाखाले गर्ने सेवा प्रवाह र अन्य विकास सम्बन्धी कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १ अर्ब ३६ करोड ६५ लाखमा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

१ यस विधेयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त सिद्धार्थनगर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२ उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय

व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३ उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४ निर्माण सामग्रीको अभाव, निर्माण सामाग्रीमा भएको उच्च मुल्यबृद्धि, कार्यगर्ने स्थल कुनै विवादका कारणले उपलब्ध गराउन नसक्ने अवस्था भएमा सो लगायतका अन्य कुनै कारणले कार्य हुन नसक्ने औचित्य पुष्टी हुने मनासिब कारणले गर्दा आ.ब. २०८१/०८२ मा संचालित योजनाहरुको निर्माण कार्य प्रभावित भएका र २०८२ असार भित्र सम्पन्न हुन नसक्ने योजनाहरुलाई आ.ब. २०८२/०८३ का लागि क्रमागत योजनाको रुपमा राखी म्याद थप गरी संचालन गरिनेछ । क्रमागतमा राखिने उक्त योजनाहरुको लागि क्रमागत कार्यक्रमका लागि विनियोजन गरिएको रकमबाट भुक्तानी गरिनेछ । संघीय सरकार वा प्रदेश सरकार वा अन्य निकायबाट प्राप्त कार्यक्रमहरुको क्रमागतमा राखिएकोमा सम्बन्धित सरकारबाट रकम प्राप्त भएमा सोही रकम र प्राप्त नभएमा क्रमागतमा छुट्याइएको रकमबाट भुक्तानी गरिनेछ । योजनाको भुक्तानीका क्रममा क्रमागत योजनाका लागि रकम अप्रयाप्त भएमा योजनाको बोलपत्र आह्वान गर्दा बचत भएको रकमबाट भुक्तानी गर्न सकिनेछ । क्रमागतमा विनियोजन भएको रकम बचत हुन गएमा नगरपालिकाको कार्यालयले निर्णय गरे बमोजिमको योजनामा खर्च गर्न सकिनेछ ।

५ नगरसभाबाट स्वीकृत कार्यक्रममा विनियोजित रकम मध्ये कुनै कार्यक्रममा रकमको थप विभाजन गर्नुपर्ने भएमा नगर कार्यपालिका कार्यालयले आवश्यकता र औचित्यताका आधारमा मात्र थप विभाजन गरी सोही बमोजिम कार्यान्वयन गर्नेछ ।

६ योजनाहरुको बोलपत्र आह्वान गर्दा रकम बचत भएमा, थप स्रोत प्राप्त भएमा नगरपालिकाको कार्यालयबाट निर्णय गरी तोकिएका अन्य प्राथमिकता प्राप्त योजनामा खर्च गर्न सकिनेछ ।

७ अन्य पूँजिगतमा विनियोजन गरिएको रकमबाट नगरपालिकाको कार्यालयबाट निर्णय बमोजिम योजनाहरु संचालन, मर्मत संभार लगायतका पूँजिगत कार्यक्रमहरु संचालन गरिनेछ ।

८ नगरसभाबाट पारित आ.ब. २०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रम विनियोजन विधेयकको अंग हुनेछ ।

## अनुसूचि -१

(दफा २ संग सम्बन्धीत)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | क्षेत्र | नगरपालिकाको कुल बजेट रु. |
|---|---|---|
| १ | सुशासन | १ अर्ब ३६ करोड ६५ लाखमा |
| २ | सामाजिक विकास | |
| ३ | आर्थिक विकास | |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | |
| ५ | पुर्वाधार विकास | |